# शहिद लखन गाउँपालिका

## सिमान्तकृत समुदाय लक्षित आयआर्जन कार्यक्रम संचालन कार्यविधि २०७६

जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

शहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घैरुङ, गोरखा
२०७३

शहिद लखन गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

घैरुङ्ग, गोरखा

# सिमान्तकृत समुदाय लक्षित आयआर्जन कार्यक्रम संचालन कार्यविधि २०७६

**प्रस्तावना** :नेपाल सरकारको चालु आ.व. २०७६।७७ को स्वीकृत बार्षिक कार्यक्रमको सशर्त अनुदान तर्फ सिमान्तकृत तथा विपन्न समुदायहरुलाई आयआर्जन कार्यक्रम संचालनको लागि तरकारी खेती, फलफूल, खेती नर्सरी स्थापना, आलु तथा मसलाजन्य बालीहरु लगायत अन्य सम्पूर्ण बालीहरु तथा पशुपन्छी एंव मत्स्यपालन व्यवसायहरुमा कार्यक्रम संचालन गरी कृषि तथा पशुपन्छीजन्य वस्तुहरुको उत्पादन तथा उत्पादकत्व बृद्धि गरी कृषकहरु जस्तै चेपाङ्ग, माझी, दराई र बराम लगायत सीमान्तकृत वर्गको आयआर्जनमा बृद्धि गर्ने उद्देश्यले शहिद लखन गाउँपालिकाले **सिमानन्तकृत समुदाय लक्षित आयआर्जन कार्यक्रम संचालन कार्यविधि २०७६** स्वीकृत गरी लागु गरिएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

**१. सक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधीको नाम "सिमानन्तकृत तथा विपन्न समुदाय लक्षित आयआर्जन कार्यक्रम संचालन कार्यविधि २०७६" रहने छ ।

(२) यो कार्यविधि शहिद लखन गाउँपालिका गाउँ कार्यपालिकाको बैठकले स्वीकृत गरेको मितिदेखि गाउँपालिका भर तोकिएको वर्ग र स्थानमा लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस संचालन प्रक्रियामा;

क) "अनुदानग्राही" भन्नाले यस प्रक्रिया बमोजिम अनुदान प्राप्त गर्ने युवा कृषक/उद्यमी सम्झनु पर्दछ।

ख) "आवेदक" भन्नाले उन्नत प्रविधि प्रदर्शन, उत्पादन ,तथा बजारिकरणमा सहभागी हुने सिमान्तकृत कृषक, समूह, सहकारी तथा फर्मलाई जनाउँछ ।

ग) "उन्नत प्रविधि" भन्नाले अनुसन्धान वा वैज्ञानिक परीक्षणबाट प्रमाणित तथा सिफारिस गरिएको नयाँ जात तथा नयाँ विधि/प्रविधि/तरिकालाई ।

घ) "कृषक" भन्नाले वर्षभरि आफनो वा जग्गा भाडामा लिएर खेती गर्ने व्यक्तिलाई सम्झनु पर्दछ ।

ङ) "गाउँपालिका" भन्नाले यस शहिद लखन गाउँपालिकालाई सम्झनु पर्दछ ।

च) "प्रस्ताव" भन्नाले यस संचालन प्रक्रिया बमोजिम कार्यक्रममा सहभागी भई अनुदान प्राप्त गर्न सिमान्तकृत कृषक, समूह, सहकारी तथा फर्मबाट तोकिएको ढाँचामा पेश भएको आयोजना माग सम्झनु पर्दछ।

जीवन बहादुर आलेमगर
प्रमुख प्रशासकीय अधिकृत

छ) "सिमान्तकृत" भन्नाले गाउँकार्यपालिका बैठकबाट छनौट गरिएका चेपाङ्ग, माझी ,दराई बराम लगायत न्युन आय आर्जन भएका गरिब किसान सम्झनु पर्दछ ।

३. प्रस्ताव दिने सम्बन्धी व्यवस्था : (१) यस कार्यक्रम संचालन गर्न आवेदकहरुले अनुसुची १ अनुसारको प्रस्तावको ढाँचामा आवेदन सहित कृषि विकास शाखाले प्रकाशन गरे अनुसारको समयभित्र आवेदन गर्न सक्नेछन ।

४. सूचना आह्वान : (१) कार्यक्रम संचालन गर्न उपयुक्त मौसम अनुसार कम्तिमा ३० दिन अघि सुहाउँदो बालीको लागि सूचना प्रकाशन गरिनेछ ।

## परिच्छेद २

## आवेदकहरुको छनौट प्रक्रिया

५. छनौट समिति : (१) यस कार्यक्रम संचालन गर्न आवेदकहरु छनौट एंव समन्वयको लागि एक छनौट समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने छनौट समितिमा निम्नानुसार पदाधिकारीहरु रहनेछन.

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| (ख) प्रशासन शाखा प्रमुख | सदस्य |
| (ग) योजना शाखा प्रमुख | सदस्य |
| (घ) पशु सेवा शाखा प्रमुख | सदस्य |
| (ङ) कृषि शाखा प्रमुख | सदस्य सचिव |

(३) उपदफा (२) बमोजिम सदस्यहरु रहने छनौट समितिमा आवश्यकता अनुसार बढीमा २ जना विज्ञहरु आमन्त्रित गर्न सकिनेछ ।

(४) उपदफा (२) बमोजिमको कार्यक्रम छनौट समितिको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछः

(क) प्रस्ताव आह्वानको सूचनाको नमुना, प्रस्ताव मूल्याङ्कन वा छनौटको आधारहरु तयार गर्ने,

(ख) प्रस्ताव माग गर्ने, प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गरी अनुदान रकम एकिन गर्ने र सम्झौताको लागि छनौट गर्ने,

(ग) सम्झौता अनुसार विभिन्न चरणमा सम्पन्न भएका कार्यको प्रमाणीकरण गर्ने,

(घ) सम्झौता अनुसार अनुदानग्राहीले कार्य सम्पन्न गरे नगरेको एकिन गर्ने,

२०७६/०८/१९
जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिकाको कार्यालय
गोरखा
२०७३

(ङ) अनुदानग्राहीलाई अनुदान उपलब्ध गराउने सम्बन्धमा सिफारिस गर्ने,

(च) सम्झौता अनुसार कार्य प्रगति सन्तोषजनक नभएमा वा कार्यसम्पन्न हुन नसक्ने अनुदान सम्झौता रद्द गर्न सिफारिस गर्ने,

६. <u>कार्यक्रम छनौट तथा मूल्यांकनका आधारहरु</u> : (१) कार्यक्रम छनौट तथा मूल्यांकन अनुसुची २ को आधार बमोजिम हुनेछ ।

## परिच्छेद ३

## <u>कार्यक्रम संचालन प्रक्रिया</u>

७. <u>कार्यक्रम संचालन</u> : (१) कार्यक्रम संचालन गर्न उपयुक्त मौसम अनुसार कम्तिमा ३० दिन अघि सुहाउँदो बालीको लागि सूचना प्रकाशन गरिनेछ ।

(२) सूचना प्रकाशन पश्चात प्राप्त निवेदनको स्थलगत अध्ययन गरी प्राविधिक प्रतिवेदन सहित छनौट समितिबाट सिफारिस साथ पेश भएपछि मात्र कार्यक्रम संझौता गरी कार्यक्रम उपलब्ध गराइनेछ ।

(३) अनुदानमा बीउ, प्लाष्टिक, मल, विषादी, तालिम, भ्रमण र प्राविधिक सेवा निःशुल्क उपलब्ध गराइनेछ ।

(४) कृषि यान्त्रिकरण र सिँचाई कार्याक्रमका लागि ८५ प्रतिशत अनुदान उपलब्ध गराइनेछ ।

(५) बाली लगाउने मौसम र कृषकको माग अनुसार सूचना प्रकाशन गर्दै बजेटको परिधिमा रही यस आ.व. ०७६/०७७ भित्र कार्यक्रम संचालन गरी सम्पन्न गरिनेछ ।

८. <u>संचालन गरिने क्रियाकलापहरु</u> : (१) यस कार्यविधि अनुसार तपशिल अनुसारका कार्यक्रमका क्रियाकलापहरु संचालन गरिनेछ ।

(क) विउविजन तथा कृषि सामग्रीमा सहयोग

(ख) प्राविधिक सेवा

(ग) परीक्षण तथा प्रदर्शन

(घ) कृषक तालिम

(ङ) कृषक भ्रमण

(च) कृषि यान्त्रिकरण

(छ) सिंचाई कार्यक्रम

२०७६/०४/१६
जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

(ज) प्लाष्टिक घर निर्माण सामग्री

९. सम्झौता एवं अनुदान भुक्तानी: (१) दफा ३ को उपदफा (२) बमोजिमको छनौट समितिले अनुदानग्राहीसँग समितिले तयार तथा अनुमोदन गरेको सम्झौताको ढाँचा अनुसार सम्झौता गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सम्झौता अनुसारको अनुदान रकम अनुदानग्राहीको बैंक खातामा भुक्तानी गरिनेछ ।

## परिच्छेद ४
## विविध

१०. प्रतिवेदन पेश गर्नुपर्ने: (१) सञ्चालित कार्यक्रमको प्रगति प्रतिवेदन नियमित रुपमा कृषि शाखामा उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा १ बमोजिम प्राप्त हुन आएका प्रगति प्रतिवेदनका आधारमा कृषि शाखाले एकमुष्ट विश्लेषणत्मक प्रतिवेदन तयार गरी गाउँपालिकाको बैठकमा समेत पेश गर्नु पर्ने छ।

११. होर्डिङ्ग बोर्ड राख्नुपर्ने: (१) छनौट भएको योजना कार्यान्वयनको सिलसिलामा सम्बन्धित आवेदकले कार्यक्रम कार्यान्वयन स्थलमा संचालन गरिएको क्रियाकलाप, कुल लागत, गाउँपालिकाले उपलब्ध गराउने अनुदान रकम वा सामग्री र अनुदानग्राहीको सहभागिता रकम सहितको जानकारीमुलक होर्डिङ्ग बोर्ड राख्नु पर्नेछ।

१२. अनुगमन सम्बन्धी व्यवस्था: (१) कार्यक्रमको नियमित अनुगमन तथा निरीक्षण कृषि शाखाले गर्नेछ ।

(२) कार्यक्रमको अनुगमन तथा निरीक्षण गाँउपालिकाको समन्वयमा गरिनेछ।

(३) उपदफा १ र २ बमोजिम अनुगमन तथा निरीक्षणका क्रममा दिइएको सुझाव कार्यान्वयन गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ ।

(४) अनुदानग्राहीले चौमासिक रुपमा कार्यक्रमको कार्य प्रगति पालिकामा पेश गर्नुपर्नेछ ।

(५) सम्झौता बमोजिम सम्पादन गरेको कार्य प्रगति प्रमाणिकरणका आधारमा भुक्तानी व्यवस्था मिलाउनुपर्नेछ ।

१३. कारवाही हुने : (१) यस संचालन प्रक्रिया अनुसार सञ्चालित कार्यक्रम सम्पन्न भए पश्चात कम्तिमा तीन वर्षसम्म निरन्तरता दिनु पर्नेछ । अन्यथा अनुदान सम्बन्धी संचालन प्रक्रियामा उल्लेख भए अनुरुप अनुदानको रकम सरकारी बाँकी सरह असुल उपर गर्न सकिनेछ । तर विपद् वा कुनै

शहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
[illegible], गोरखा
२०७३

जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

प्रकारको काबु बाहिरको परिस्थितिबाट क्षति भएको अवस्थामा भने सो व्यवस्था लागु हुने छैन । विपद्‌जन्य क्षतिको प्रमाणित विवरण (मुचुल्का/ वडाको सिफारिस र प्रहरी प्रतिवेदन सहित) १५ दिनभित्र लिखित रुपमा कृषि शाखालाई दिनु पर्नेछ ।

**१४. स्पष्ट पार्न सक्ने:** (१) यो संचालन प्रक्रियामा उल्लेख भएको व्यवस्था अस्पष्ट भएमा गाँउ कार्यपालिकाले स्पष्ट पार्न सक्नेछ ।

(२) यस संचालन प्रक्रियामा उल्लेख भएका व्यवस्थाहरु प्रचलित कानुनसंग बाझिएको हदसम्म स्वतः अमान्य हुनेछन्।

**१५. वाधा अड्काउ फुकाउ:** यो कार्यविधिको कार्यान्वयनमा कुनै वाधा अड्काउ आइपरेमा कृषि कार्यक्रम छनौट समितिले वाधा अड्काउ फुकाउन सक्नेछ ।

**१६. अनुसूचीमा हेरफेर गर्न सक्ने:** यो संचालन प्रक्रियामा संलग्न अनुसूचीहरु (आर्थिक पक्ष बाहेक) मा आवश्यकता अनुसार गाँउपालिकाले हेरफेर गर्न सक्नेछ ।

**१७. संशोधन गर्न सक्ने:** गाँउ कार्यपालिकाले आवश्यकता बमोजिम यस संचालन प्रक्रियामा संशोधन गर्न सक्नेछ ।

गाउँ कार्यपालिकाको कार्यालय
गोरखा
२०७३

२०७६।०८।१८
जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

अनूसुचि १ः

(दफा ३ को उपदफा १ सँग सम्बन्धित)

प्रस्तावको लागि निवेदनको ढाँचा

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
शहिद लखन गाउँपालिका, गोरखा ।

विषयः अनुदान उपलब्ध गराई पाउँ ।

महोदय,

प्रस्तुत विषयमा यस शहिद लखन गाउँपालिकाको मिति २०७६। । गतेको सुचना अनुसार राष्ट्रिय आलु तथा मसला विकास कार्यक्रम अन्तर्गत निम्न अनुसार कार्यक्रम उपलब्ध गराइ दिनु हुन अनुरोध गर्दछु/गर्दछौं ।

तपशिल

| क.सं. | कार्यक्रमको नाम | आवश्यक परिमाण | अनुमानित जम्मा लागत | कृषकले व्यहोर्ने | कार्यालयले व्यहोर्ने |
|---|---|---|---|---|---|
| १ | तरकारी खेती | | | | |
| | क)<br>ख)<br>ग) | | | | |
| २ | मसला बाली | | | | |
| | क)<br>ख)<br>ग) | | | | |
| ३ | आलु खेती | | | | |
| | क)<br>ख)<br>ग) | | | | |
| ४ | कृषियन्त्रिकरण/।सिंचाई | | | | |

शहिद लखन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बैरेनी, गोरखा २०७३

२०७६/०८/१८
जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| | क)<br>ख)<br>ग) | | | | |
| ५ | फलफुल खेती | | | | |
| | क)<br>ख)<br>ग) | | | | |
| ६ | अन्य | | | | |
| | क)<br>ख)<br>ग) | | | | |

..........................................

निवेदक

संलग्न कागजातहरु:

१. खेती गरिने जग्गाको लालपुर्जाको प्रतिलिपि

२. खेती गर्ने किसानको नागरिकताको प्रतिलिपि

३. संस्थाको हकमा गाउँपालिकामा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि तथा बैठकको निर्णयको प्रतिलिपि

४. भौतिक पूर्वाधार (सडक, सिंचाई, बजार र प्राविधिक पक्षको) उपलब्धताको सम्बन्धमा वडा कार्यालयको सिफारिस,

५. बाली सुहाँउदो माटो हावापानी भएको भनी भौगोलिक अनुकूलता सम्बन्धमा वडा कार्यालयको सिफारिस,

६. कृषक/कामदारको प्राविधिक ज्ञान, तालिम सम्बन्धी प्रमाणपत्रको प्रतिलिपी,

७. कार्यक्रम संचालनको कार्ययोजना

२०७६/१०/१८

जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

अनूसुचि २

(दफा ३ को उपदफा २ सँग सम्बन्धित)

कार्यक्रम छनौटका लागि मूल्यांकनका आधारहरु

| क्र.सं | कार्यक्रम छनौट तथा मूल्यांकनका आधारहरु | अंक भार |
|---|---|---|
| १. | भौतिक पूर्वाधार (सडक, सिंचाइ, बजार, प्राविधिक | सुबिधा भएको २५,<br>मध्यम सुबिधा २० र<br>सुबिधा नभएको १५ |
| २. | भौगोलिक अनुकुलता (माटो, हावापानी, बाली) व्यवसायको संभाव्यता | उपयुक्त जग्गा लागि २५,<br>मध्यम लागि २० र<br>नभएकाको लागि १५ |
| ३. | कृषकको प्राविधिक क्षमता, अनुभव | तालिम प्राप्तका लागि २० र<br>नभएका लागि १० |
| ४. | पेश गरेको कार्ययोजना | उत्तम ३०<br>मध्यम २०<br>सामान्य १५ |

शहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
[illegible], गोरखा
२०७३

२०७६।०८।१९
जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

मितिः२०७६।०५।१९ गतेको गाउँ कार्यपालिकाको बैठकबाट पारित भएको व्यहोरा प्रमाणित गर्दछु।

नामः जीवन बहादुर आले मगर

पदः प्रमुख प्रशासकीय अधिकृत

दस्तखतः

प्रमाणिकरण मितिः २०७६।०५।१९

जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिकाको कार्यालय
गोरखा
२०७३